कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३२३ | वि.सं. २०८१ चैत ३ आइतवार | नेपाल संवत: ११४५, चैत कृष्ण द्वितीया | Sunday 16 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

कर्णालीका स्थानीय तहमा पनि पुरुषकै दवदवा

# ७९ पालिकामा एक मेयर र एक अध्यक्षमै सीमित महिला सहभागिता

**ओम शाही**
**सुर्खेत, २ चैत ।**

तीन तहका सरकार मध्ये जनताको नजिक रहेर सेवा प्रवाह गर्ने सरकार हो स्थानीय तह। संविधानको धारा २१५(४) प्रत्येक गाउँपालिका तथा नगरपालिकामा प्रमुख र उपप्रमुखमध्ये एक जना महिला हुनैपर्ने व्यवस्था छ। वडास्तरमा पनि महिलाको सहभागिता अनिवार्य छ। प्रत्येक वडामा महिला सदस्य तथा दलित महिला सदस्य अनिवार्य रूपमा चयन गरिन्छ। यस्तै, संविधानको धारा २६७ (४) को राजनीतिक दलसम्बन्धी व्यवस्थामा राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा महिला सहभागिता सुनिश्चित गर्नुपर्छ। दल दर्ता ऐन अनुसार, कुनै पनि दलले ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्नैपर्छ।

महिलाको विशेष संरक्षण र समान अवसरको हक अन्तर्गत संविधानको धारा ३८ (१) र (२) मा महिलाहरूलाई राज्यका सबै संरचनामा समान अवसरको ग्यारेन्टी गरेको छ। यी व्यवस्थाले महिलाहरूको राजनीतिक सहभागिता बढाउन महत्वपूर्ण भूमिका खेलेका छन्। तर, राजनीतिक नेतृत्वको पृतिसतात्मक सोचमा परिवर्तन नहुँदा महिलाहरू सीमित संख्यामा मात्रै स्थानीय तहको नेतृत्वदायी भूमिकामा पुग्ने गरेको सरोकारवाहरुले बताएका छन्। शनिवार वीरेन्द्रनगरमा आयोजित स्थानीय तहमा महिलाहरुको राजनीतिक सहभागिता बढाउन जिल्लास्तरिय मिडिया अभिमुखिकरण कार्यक्रममा महिला अधिकारकर्मी टिका विष्टले कर्णालीका स्थानीय तहको जनप्रतिनिधिमा महिलाहरुको संख्या अझै बढ्न नसकेको बताइन। समाजमा अझै पनि महिलाप्रति हेरिने दृष्टिकोण परिवर्तन हुन नसक्दा महिला अवसरबाट बञ्चित हुनुपरेको विष्टले बताइन।

महिलालाई स्थानीय तहको जनप्रतिनिधि बन्न टिकट पाउन निकै कठिन हुने गरेको उल्लेख गर्दै विष्टले टिकट पाइहाले पनि हार्ने ठाउँमा मात्र

बाँकी ३ पेजमा



## यस्तो छ कर्णालीका स्थानीय तहमा महिला सहभागिता

कणाली प्रदेशका ७९ स्थानीय तहमा पुरुषको तुलनामा महिलाको उपस्थिती कमजोर छ। पछिल्लो समय प्रमुख राजनीतिक दलहरुबिच बढ्दै गएको गठवन्धन संस्कृतिका कारण अनिवार्य भनिएको पदमा पनि पुरुष नै आउने परिस्थिती सिर्जना भइरहेको छ। २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा कर्णाली प्रदेशबाट ५५ जना महिला पदाधीकारीमा निर्वाचित हुँदा पुरुषको संख्या भने एक सय एक छ। एक मेयर र एक अध्यक्ष र बाँकी ५३ पदमा उपप्रमुख र उपाध्यक्षसहित ५५ पदमा महिलाको स्थनीय तहमा सहभागिता देखिन्छ। यसले राजनीतिक दलहरुले समावेशी महिला सहभागिताको सवाललाई प्राथमिकतामा नराख्ने गरेको पुष्टि हुन्छ। यति मात्रै होइन सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाका मेयरबाहेक अन्य महिला उम्मेदवार उपमेयर र उपाध्यक्षबाट माथिल्लो पदमा दोहोरिन पाएका छैनन्।

गत निर्वाचनबाट सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाको प्रमुखमा मोहनमाया ढकाल र दैलेखको भैरवी गाउँपालिकाको अध्यक्षमा रिताकुमारी शाही निर्वाचित भएकी थिइन। सुर्खेतका नौ स्थानीय तहमा आठ जना मेयर र अध्यक्षमा निर्वाचित भएका छन्। सुर्खेतका मात्रै नभई कर्णाली

बाँकी ३ पेजमा

## प्रदेशसभाको अवस्था पनि उस्तै

कर्णालीका राजनीतिक दलले महिलालाई सरकारको कार्यकारी भुमिका दिन ध्यान पुऱ्याएको अवस्था छैन। प्रदेश सरकार स्थापना पश्चात कर्णालीमा चारवटा सरकार बनेका छन्। चार जना मुख्यमन्त्री र ४० जना मन्त्री बन्दा महिलाको संख्या भने केवल पाँच रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको कुल जनसंख्या १६ लाख ८८ हजार चार सय १२ मध्ये आठ लाख ६४ हजार ६ सय ५१ जना महिला र आठ लाख २३ हजार सात सय ६१ जना पुरुष छन्।

कर्णालीमा सात वर्षको अवधिमा हालसम्म नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा एमालेले सरकारको नेतृत्व गरेका छन्। यस्तै, नेकपा एकीकृत समाजवादी पनि सरकारमा सहभागी हुँदै आएको छ। यो अवधिमा माओवादी केन्द्रले चार र नेकपा एमालेले एक जना महिलालाई मन्त्री बनाएको छ। ४० सदस्यीय प्रदेश सभामा अघिल्लो कार्यकालमा १३ जना महिला सांसद थिए। जसअन्तर्गत एमालेका पाँच, माओवादीका चार, कांग्रेसका दुई, राप्रपा र एकीकृत समाजवादीका एक-एक जना महिला सांसद थिए। त्यस्तै यो कार्यकालमा महिला सांसदको संख्या १५ छ। जसमा कांग्रेसका पाँच, एमाले र माओवादी केन्द्रका चार/चार तथा एकीकृत समाजवादी र राप्रपाका एक-एक जना महिला सांसद छन्। यस हिसावले कर्णाली प्रदेशसभामा महिलाको उपस्थिती बढेको भएपनि उनीहरुलाई समानुपातिकमा सीमित गरिएको अवस्था छ।

# बाँकेको जयन्दु बाल सुधार गृह तनावग्रस्त बालकहरूले सुधार गृहमा लगाए आगो

**युग संवाददाता**
**बाँके, २ चैत ।**

बाँकेको डुडुवा गाउँपालिका हिरमिनियास्थित जयन्दु बाल सुधार गृह तनावग्रस्त बनेको छ। बालबिज्याइँकर्ता (बालक) हरूका बीच आपसमा कुटपिट भएपछि शुक्रबार रातीदेखि बाल सुधार गृह तनावग्रस्त बनेको हो। बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीले आपसमा कुटाकुट गरी बालगृहमा रहेका ६ जना बालकहरू घाइते भएको जानकारी दिए। शुक्रबार राति पौने २ बजे अचानक कुटाकुट हुँदा ६ जना घाइते भएको र उनीहरूको भेरी अस्पतालमा उपचार भइरहेको प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिए।

कुटाकुटबाट १९ वर्षीय चन्द्र बहादुर खड्का, १९ वर्षीय देन महतरा, २१ वर्षीय आशिश चौधरी, १९ वर्षीय सुवास राड, १९ वर्षीय संजय परियार र १८ वर्षीय एक जना घाइते भएका छन्। उनीहरूमध्ये तीन जना कर्तव्य ज्यान र तीन जना जबर जस्ती करणी मुद्दामा अदालतबाट सजाय पाएकाहरू रहेको प्रहरीले जनाएको छ। आपसमा भएको झडपपछि सुधार गृहमा रहेका दुई जना फरार छन्।

बालगृहमा बालकहरूबीच कुटाकुट भएपछि नियन्त्रणका लागि गएका प्रहरीमाथि ईंटा प्रहार गरेपछि शनिबार बिहान ३ जना प्रहरी पनि घाइते भएका छन्। प्रमुख जिल्ला अधिकारी जोशीका अनुसार घाइते प्रहरीहरूको पनि अस्पतालमा उपचार भइरहेको छ।

उक्त सुधार गृहमा कुल २५० जना बालक छन्। सुधार गृहमा अहिले आगो लगाएर उनीहरू घरको छतमा संगठित भएर बसेको प्रमुख जिल्ला अधिकारी जोशीले बताए। 'सुरक्षाकर्मीसहित म पनि अहिले सुधार गृहको २० मिटर नजिकै रहेको छु, सुधार गृहबाट धुँवाको मुस्लो निस्किएको छ। बालकहरू छतमाथि संगठित भएर रेलिङ भत्काएर प्रहरीलाई ईंटा प्रहार गरिरहेका छन्,' उनले भने।

प्रमुख जिल्ला अधिकारी जोशीले आगो नियन्त्रणको लागि दमकल ल्याएर राखिएको भए पनि बालकहरूको ईंटा प्रहारका कारण जान सक्ने अवस्था नभएको बताए। बालबिज्याइँ मुद्दामा अदालतबाट सजाय पाएकाहरूलाई १८ वर्ष उमेरपछि पनि कारागार चलान नगर्दा बाल सुधार गृहमा हरेक वर्ष झडप हुँदै आएको छ।

जयन्दु बाल सुधार गृहमा रहेका बालकहरूका बीच गतवर्ष असोज ४ गते झडप हुँदा एक जनाको मृत्यु समेत भएको थियो। यसैवर्ष पनि पटक पटक झडप हुँदै आएको छ।

प्रमुख जिल्ला अधिकारी जोशीले उमेर पुगेकाहरूलाई कारागार चलान नगरी बाल सुधार गृहमै राख्दा व्यवस्थापनमा चुनौती देखिएको बताए। 'यहाँ रहेका २०/२५ जनालाई अन्यत्र लगिए पनि अन्यलाई व्यवस्थापन गर्न सहज हुन्थ्यो, २०/२५ जनाको कारण सिंगो सुधार गृहको व्यवस्थापन नै असहज बन्दै आएको छ,' उनले भने। प्रमुख जिल्ला अधिकारी जोशीले बालकहरू भएकोले प्रहरीले बल प्रयोग गरेर अवस्था नियन्त्रण गर्न समस्या भइरहेको बताए।

'कानूनी बाध्यताको कारण प्रहरीले बल प्रयोग गर्न सक्ने अवस्था पनि छैन, बल प्रयोग गरेर भए पनि तत्काल स्थिति नियन्त्रण नगर्ने हो भने सुधार गृहभित्र रहेकाहरूको ज्यान समेत जोखिममा देखिएको छ,' उनले भने।

बाल सुधार गृहमा बर्दीमा

बाँकी ४ पेजमा

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रू. ८,००,०००/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

# होलीबाट सङ्कलित रकम विद्यालयको विकासमा खर्च गरिने

**युग संवाददाता**
**बैतडी, २ चैत ।**

जिल्लाको पाटन नगरपालिका-९ हुक्केडाँडास्थित सिद्धेश्वर माध्यमिक विद्यालयले होली खेलेर रु तीन लाख १८ हजार आठ सय ५० सङ्कलन गरेको जनाउँदै यो रकम विद्यालयको विकासमा खर्च गरिने बताएको छ।

विद्यालयले धेरै वर्षदेखि होली खेलेर आर्थिक स्रोत सङ्कलन गर्दै आएको छ। विद्यालयले आफ्नै स्रोतमा छात्रावास सञ्चालन गरेको छ।

निजी स्रोतका शिक्षक, छात्रावासलगायत शैक्षिक सामग्री व्यवस्थापनका लागि हरेक वर्ष होली खेलेर रकम सङ्कलन गर्दै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम भाटले बताए।

त्यसै गरी, पाटन नगरपालिका-१ मेल्चौरामा रहेको सिद्धेश्वर माध्यमिक विद्यालयले पनि होली खेलेर रु तीन लाख सङ्कलन गरेको छ। सङ्कलित रकम विद्यालयको शैक्षिक विकासमा खर्च गरिने प्रधानाध्यापक दीपेन्द्रसिंह चाँडले बताए।

## चाडपर्व प्रति सम्मान गरौ ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौ,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौ, एक अर्काको चाडपर्व प्रति सम्मान गरौ.
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म सँस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
yugnews.com

## सम्पादकीय....

# गढी संरक्षणमा ध्यान देऊ !

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१४, गोठिकाँडास्थित बयलकाँडा गढीको निर्माण मध्यकालमा भएको मानिन्छ । यो गढी पश्चिम नेपालमा स्थानीय शासकहरूको सैन्य किल्ला, प्रशासनिक केन्द्र र व्यापारिक मार्गको सुरक्षामा प्रयोग हुन्थ्यो । खस राज्यले सेनाको सेल्टरका रूपमा बनाएको इतिहास भेटिन्छ। १७९० सम्म पनि बेलासपुर राज्यका सैनिकको सेल्टरकै रूपमा थियो । जब पछि बेलापुर राज्य र दुल्लु राज्यका शासकबीच मनमुटाव भयो अनि बहादुर शाहको नेतृत्वमा त्यसलाई ध्वस्त बनाइएको इतिहासकारहरु बताउँछन् । यसले नेपाल एकीकरण अभियानको समयमा पनि महत्त्वपूर्ण भूमिका खेलेको इतिहासकारहरू बताउँछन् । यसको वास्तुकला मा प्राचीन नेपाली शिल्पकलाको प्रभाव देखिन्छ, जुन आज पनि इतिहास प्रेमीहरूको आकर्षणको केन्द्र हो । सुर्खेतको एतिहासिक गढी यस क्षेत्रको गौरवशाली अतीतको मूक साक्षी हो । यो गढी मध्यकालीन नेपाली इतिहास, सैन्य रणनीति र सांस्कृतिक विरासतको प्रतीक हो ।

तर, आज यसको अस्तित्व उपेक्षा, प्राकृतिक क्षति र मानवीय लापरवाहीको कारण खतरामा छ । यसलाई बचाउन ऐतिहासिक महत्व, सांस्कृतिक पहिचान र पर्यटनको सम्भावनालाई ध्यानमा राखेर अहिले संरक्षणका कदम ढिलाई भइरहेको छ । अहिले यो गढी भग्नावशेषमा परिणत भएको छ । किल्लाको भित्ताहरू झर्न थालेका छन् । चारैतिर झारिले ढाकेको छ । स्थानीयहरूको अज्ञानताले गढीको अस्तित्व नामेट हुने अवस्थामा पुगेको छ । सरकारी नीति र संरक्षण योजनाको अभाव, स्थानीय स्तरमा चेतनाको कमी र पर्यटन विकासमा ध्यान नदिँदा यो ऐतिहासिक सम्पदा लोप हुँदैछ । यसले हाम्रा पूर्खाहरूको सामाजिक-राजनीतिक जीवनको झलक मात्रै होइन यसले इतिहास, वास्तुकला र पुराततत्वमा रुचि राख्नेहरुलाई अनुसन्धानको अवसर प्रदान गर्छ । संरक्षित गढीले स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन सक्छ । यसले घरेलु र विदेशी पर्यटक आकर्षित गरी रोजगारी सिर्जना गर्न मद्दत गर्छ ।

गढीको अस्तित्व जोगाउन संघ, प्रदेश र स्थानीइ तहले संरक्षणलाई प्राथमिकतामा राखेर बजेट व्यवस्थापन गर्नुपर्छ । यसका अलवा पुरातत्व विभागले वैज्ञानिक अध्ययन गरी जीर्णोद्धार गर्नु आवश्यक छ । सामुदायिक जागरूकता अभियान चलाएर गढीको महत्व बताउनु पर्छ । गढी वरपरको क्षेत्रमा सडक लगायतका पूर्वाधारहरु विकास गरी पर्यटकिय हब बनाउन सके स्थानीयको आयस्तरमा बृद्धिसँगै राजश्व संकलनमा सहयोग पुग्नेमा दुई मत छैनल । सुर्खेतको गढी केवल ढुंगा र माटोको ढिस्का होइन । हाम्रो साझा इतिहासको सङ्ग्रहालय हो । यसलाई बचाउनु भनेको इतिहासलाई सम्मान गरी भावि सन्ततीलाई सांस्कृतिक सम्पदाको बारेमा जानकारी गराउनु हो । सरकार, स्थानीय निकाय, र नागरिकहरूले हातेमालो गरे यो सम्पदा पुनर्जीवित हुन सक्छ । यसर्थ गढी संरक्षणमा सबैले आफ्नो भूमिका निभाउन आवश्यक छ ।

## विश्व

### ४३ देशका नागरिकलाई अमेरिका यात्रामा प्रतिबन्ध लगाउने ट्रम्प प्रशासनको तयारी

**वासिङ्टन डिसी, २ चैत ।**
अमेरिकाले ४३ देशका नागरिकलाई यात्रा प्रतिबन्ध लगाउने तयारी गरेको छ ।

ट्रम्प प्रशासनका अधिकारीहरूले त्यसमा गृहकार्य गरिरहेको अमेरिकी अखबार द न्युयोर्क टाइम्सले जनाएको छ ।

ट्रम्प प्रशासनका अधिकारीहरूले यात्रा प्रतिबन्ध लगाइने ४३ देशको सूची तयार गरेका छन् । प्रस्तावित सूची विदेश विभागका अधिकारी तथा अन्य विभाग र गुप्तचर एजेन्सीहरूका सुरक्षा विशेषज्ञहरूले मस्यौदाको समीक्षा गरिरहेको भनेर न्युयोर्क टाइम्सले लेखेको छ ।

उनीहरुले यात्रा प्रतिबन्ध लगाउनुपर्ने कारणमा लेखिएको विवरण पर्याप्त छ वा छैन भन्ने विषयको पुनरावलोकन गरिरहेका छन् । सूची अनुसार लागू भए ४३ देशका नागरिकहरूले अमेरिका यात्रा गर्न पाउने छैनन् ।

यद्यपि उक्त सूचीलाई रातो, सुन्तला र पहेँलो गरी तीन भागमा विभाजन गरिएको छ ।

रातो सूचीमा परेका देशका नागरिकहरुलाई पूर्ण रूपमा यात्रा प्रतिबन्ध लगाइने छ । सुन्तला रङको सूचीमा रहेका देशहरूमा आंशिक प्रतिबन्ध लगाइनेछ । त्यस्ता देशका नागरिकहरूलाई आप्रवासी वा पर्यटक भिसामा यात्रा गर्ने पाउने छैनन् । धनी र व्यवसायिक यात्रुहरू भने जान पाउनेछन् ।

पहेँलो सूचीमा रहेका देशहरूलाई सुरक्षा लगायतका मापदण्ड पूरा गर्नका लागि ६० दिनको समय दिइएको न्युयोर्क टाइम्सले जनाएको छ ।

गत जनवरीमा ट्रम्पले राष्ट्रपतिको कार्यभार सम्हालेपछि सुरक्षा जाँच प्रक्रियामा कमजोर देशहरूको सूची तयार गर्ने कार्यकारी आदेश जारी गरेका थिए ।

### रुसी क्षेत्रमा रहेका युक्रेनी सेनालाई आत्मसमर्पण गर्न पुटिनको निर्देशन

**मस्को, २ चैत ।**
युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी नेताले युद्धविरामको पहललाई बिथोल्न खोजेको आरोप लगाएपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कुर्स्क(रुसी भू-भाग) मा रहेका युक्रेनी सेनालाई आत्मसमर्पण गर्न आह्वान गरेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी सेनाको जीवन रक्षा गर्न पुटिनलाई आग्रह गर्दै आफ्ना राजदूतले प्रस्तावित ३० दिने युद्धविरामबारे रुसका नेतासँग 'फलदायी' वार्ता गरेको बताए । गत अगस्टमा युक्रेनले कब्जा गरेको अधिकांश भूभाग पुनः कब्जा गर्दै रुसले विगत एक हप्तादेखि कुर्स्कको पश्चिमी सीमा क्षेत्रमा तीव्र प्रतिकार गरेको छ ।

कुर्स्कमा भएको हार युक्रेनको तीन वर्ष लामो युद्धका लागि शान्ति वार्तामा महत्त्वपूर्ण 'बार्गेनिङ'को रूपमा यस क्षेत्रमा आफ्नो पकड प्रयोग गर्ने योजनामा ठुलो धक्का हुनेछ । रुसी टेलिभिजनमा प्रसारण भएको सम्बोधनमा पुटिनले भने, 'हामी अमेरिकी राष्ट्रपति ट्रम्पको आह्वानप्रति सहानुभूति राख्छौं ।'

पुटिनले भने, 'यदि उनीहरूले हतियार त्यागेर आत्मसमर्पण गरे भने उनीहरूलाई जीवन र सम्मानजनक व्यवहारको प्रत्याभूति हुनेछ ।' ट्रम्पले युक्रेनका हजारौं सैनिकलाई रुसी सेनाले पूर्ण रूपमा घेरेको र निकै खराब एवं कमजोर अवस्थामा रहेको बताएका छन् ।

# समृद्धिका लागि विज्ञान प्रविधि



**प्रा डा दिलीप सुब्बा**

विज्ञानको प्रभावकारी प्रयोगले मात्रै कुनै पनि राष्ट्रलाई दिगो विकास र समृद्धिको मार्गतर्फ डोहोऱ्याउन सक्छ । वैज्ञानिक अनुसन्धान, प्रविधिको नवप्रवर्तन र शिक्षामा लगानी गरी समाजलाई आधुनिक, आत्मनिर्भर र दिगो रूपमा विकास गराउन सकिन्छ । विज्ञान बिना समृद्धि सम्भव छैन भन्ने तथ्य विश्वका विकसित र विकासशील राष्टहरुको प्रगतिबाट प्रष्ट हुन्छ । नेपालजस्तो विकासोन्मुख देशको आर्थिक, सामाजिक र दिगो विकासका लागि भने विज्ञान र प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण छ । वैज्ञानिक अनुसन्धान, नवीन प्रविधि र डिजिटल रूपान्तरणले नेपालको समृद्धि, पूर्वाधार विकास, स्वास्थ्य सेवा सुधार, कृषि उत्पादकत्व वृद्धि र वातावरणीय सन्तुलनजस्ता क्षेत्रमा ठूलो योगदान दिन सक्छ । विज्ञान र प्रविधिको प्रभावकारी प्रयोगले मुलुकको समृद्धि, औद्योगीकरण तथा दिगो विकासको मार्ग खोल्न सक्छ । सरकारले वैज्ञानिक अनुसन्धान, प्रविधिमा लगानी र प्रविधिमा आधारित नीति निर्माणलाई प्राथमिकता दिएमा नेपाललाई आधुनिक र आत्मनिर्भर राष्ट्र बनाउन सकिन्छ । विज्ञान प्रविधि नेपालको उज्ज्वल भविष्यको आधारस्तम्भ हो ।

राष्ट्रको सर्वाङ्गीण विकासका लागि विज्ञान तथा प्रविधिको विकास र उपयोगको महत्वपूर्ण भूमिका रहन्छ । विश्वमा विकसित राष्ट्रहरुको विकासको मूल आधार नै समयसापेक्ष प्रविधिको विकास रहेको पाइन्छ । जहाँ विज्ञान र प्रविधिको विकास, प्रवर्द्धन र उपयोग भएको छ, त्यहाँको विकासको दर उच्च रहेको छ । तथापि, नेपालमा समयसापेक्ष र जनताको समस्या समाधान गर्न सक्ने किसिमले विज्ञान र प्रविधिको विकास र प्रयोग हुन सकिरहेको छैन । नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आवद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवं विज्ञान र प्रविधिको आविस्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात् गरेको छ ।

सरकारले विज्ञान, प्रविधि र नवप्रवर्तन नीतिमार्फत वैज्ञानिक अनुसन्धान, प्रविधिको विकास र नवप्रवर्तनलाई दिगो विकासको प्रमुख आधारका रूपमा अघि बढाउने लक्ष्य राखेको छ । नेपालमा विज्ञान र प्रविधिसम्बन्धी नीति पहिलो पटक २०४४ सालमा ल्याइएको थियो । त्यसपछि समयानुसार यसमा संशोधन हुँदै आएको छ । पछिल्लो विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले वैज्ञानिक सोच, अनुसन्धान, प्रविधि हस्तान्तरण, तथा नवप्रवर्तनलाई प्राथमिकता दिएको छ । यस नीतिले समेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरुतीलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ । यस नीतिले विज्ञान तथा प्रविधिका प्रायः सबै विधाहरुलाई समेट्ने प्रयास गरेको छ । कृतिम बौद्धिकता (एआई), नानो प्रविधि, वायो प्रविधि, परमाणु विज्ञान, इञ्जिनियरिङको अधिकतम उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यवसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइवर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रुपमा लिइएको छ ।

विज्ञान, प्रविधि र नवप्रवर्तनलाई समृद्ध नेपालको निर्माणका लागि प्रमुख आधारका रूपमा लिइएको छ । सोह्रौं पञ्चवर्षीय योजनामा योजनाले वैज्ञानिक अनुसन्धान, सूचना प्रविधि र नवप्रवर्तनलाई प्रवर्द्धन गरी दिगो आर्थिक विकास गर्ने लक्ष्य राखेको छ । यस योजनामा विज्ञान प्रविधिसम्बन्धी मुख्य रणनीति र लक्ष्यहरूमा सूचना प्रविधिको विकास, अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन, कृषि तथा खाद्य सुरक्षामा विज्ञान प्रविधिको प्रयोग, स्वास्थ्य क्षेत्रमा प्रविधिको विस्तार, पूर्वाधार तथा ऊर्जा प्रविधिको प्रयोग, वातावरण तथा जलवायु परिवर्तन न्यूनीकरणका विषयहरुलाई समावेश गरिएको छ ।

**नास्टको भूमिका**

नेपालमा विज्ञान र प्रविधि क्षेत्रका कार्य गर्ने सर्वोच्च निकाय नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)ले स्थापनादेखि निरन्तर रुपमा समाजमा वैज्ञानिक चेतना अभिवृद्धि गर्ने, जनतालाई वैज्ञानिक ज्ञानद्वारा सू-सुचित पार्ने र तथ्यमा आधारित जानकारी प्रदान गर्ने कार्य गर्दै आएको छ । विज्ञान र प्रविधि क्षेत्र अन्तरसम्बन्धित विषयवस्तु भएकाले एकल संस्थाभन्दा संस्थाहरुबीच सहकार्य र समन्वयबाट उद्देश्य प्राप्तिमा प्रभावकारी हुन सक्दछ ।

प्रदेशस्तरबाट पनि विज्ञान तथा प्रविधिलाई प्रवर्द्धन गर्न विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन प्रारम्भ भइसकेको छ । नेपाली मौलिक प्रविधिलाई समयसापेक्ष परिमार्जन एवं जनोपयोगी बनाउन आवश्यक प्रक्रिया बढाइसकिएको छ ।

नास्टले यसै वर्ष विज्ञान प्रविधि सूचना प्रणाली केन्द्रको स्थापना गरी विज्ञान प्रविधिको सम्पूर्ण सूचनालाई भण्डारण गरी उपयोगमा जोड दिइएको छ । वार्षिक कार्यक्रमका लागि तय गरेका विभिन्न अनुसन्धान तथा विज्ञान प्रविधिका प्रवर्तनात्मक कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसको लागि विभिन्न विषयगत वैज्ञानिक उपसमितिहरुलाई क्रियाशिल बनाइएको छ । चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा विशिष्टीकृत अनुसन्धान केन्द्रको स्थापनाको कामलाई पूर्णता दिई जनशक्तिको व्यवस्था गरेर विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । संरचना एवं पूर्वाधार विकासतर्फ बितेको आर्थिक वर्षमा बायोमेडिकल रिसर्च ल्याबको निर्माण कार्य सम्पन्न भएको छ भने हाल 'सेकेण्डरी स्टयान्डर्ड डोसिमेट्री ल्याबरेटोरी'को निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेको छ ।

विदेशी वैज्ञानिक संस्थाहरुसँगको सम्बन्ध र सहकार्यलाई अघि बढाउने काम भएको छ । सन् १९९० देखि इटालीको वैज्ञानिक संस्थासँग मिलेर लोबुचेस्थित पिरामिड ल्याबको प्रयोग गर्दै उच्च धरातलीय अनुसन्धान कार्य गर्दै आएकामा सन् २०१५ देखि सो कार्य अवरुद्ध भएकाले त्यसलाई सूचारु गर्ने व्यवस्था मिलाइएको छ । सन् २०१९ मा जापानको वैज्ञानिक संस्था क्युटेकसँगको सहकार्यमा नास्टले नेपालकै प्रथम न्यानो स्याटलाइट (नेपाल स्याट १) अन्तरिक्षमा प्रक्षेपण गरेको थियो । त्यस्तै सन् २०२४ मा भारतको अन्तरिक्ष अनुसन्धान संस्था 'आएएसआरओ'सँग दोस्रो न्यानो स्याटलाइट (मुनाल) चाँडै प्रक्षेपण गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ । भारतको राष्ट्रिय वैज्ञानिक तथा औद्योगिक अनुसन्धान संस्था 'सिएसआइआर'सँग विज्ञान तथा औद्योगिक अनुसन्धानका बृहत् विषयमा सहयोग र सहकार्य निम्ति समझदारी पत्रमा हस्ताक्षर गरिएको छ । यस संस्थासँगको संयुक्त कार्यक्रम तथा प्रविधि हस्तान्तरणबाट नेपाललाई धेरै फाइदा पुग्ने अपेक्षा गरिएको छ ।

यस वर्ष जापानको वैज्ञानिक संस्था 'सिएसआइएस'सँग ग्लोबल नेभिगेसन स्याटलाइट सिष्टम (जिएनएसएस) प्रणालीलाई नेपालमा प्राकृतिक प्रकोप, आपत्कालीन समस्या पहिचान, यातायात प्रणाली, भूमि व्यवस्थापनजस्ता क्षेत्रहरुमा उपयोग गर्ने गरी समझौता गर्ने काम अघि बढेको छ ।

यसैगरी स्थानीय संस्थाहरुसँग सहकार्य गर्ने काम अघि बढिरहेको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषसँग प्रकृति संरक्षण विषयमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर गरिएको छ भने उद्योग वाणिज्य महासङ्घसँग सहयोग र सहकार्यको लागि छलफल सुरु भएको छ ।

विज्ञान तथा प्रविधिको प्रयोग स्वस्थ र सुखी जीवन तथा राष्ट्रिय समृद्धिको प्राप्तिको लागि हुनुपर्दछ । यसको निम्ति राम्रो विज्ञान शिक्षा, अनुसन्धान, प्रविधि नवप्रवर्तन आधार भूत आवश्यकता हो । जनताको जीवनस्तर वृद्धि र देशको समृद्धिको निम्ति विज्ञान र प्रविधिको भूमिकालाई सशक्त बनाउने, वस्तुनिष्ठ र ठोस परिणाममुखी कार्यक्रम सञ्चालन गरी नाष्टको प्रतिष्ठामा वृद्धि गरी नाष्टलाई विश्वस्तरीय अनुसन्धान केन्द्रका रुपमा विकास गर्नुपर्ने हुन्छ । भावी योजना निर्माण गर्दा सरकारको चालु आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रम, विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, दिगो विकासका लक्ष्यलाई मार्गनिर्देशक मानिनेछ । योजना तयार गर्दा नास्टका विषयगत वैज्ञानिक उप-समितिहरु, नास्टबाट आयोजना गरिएका सम्मेलन, गोष्ठी, छलफलका प्रतिवेदन, अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थासँगको सहकार्य गर्ने समझदारी, विभिन्न मन्त्रालय एवं राष्ट्रिय संस्थाहरुसँग भएका समझदारी र सम्झौता, राष्ट्रिय योजना आयोगसँगको परामर्श, प्राज्ञसभाको सल्लाह सुझावलाई आत्मसात गरिएको छ ।

योजनाको कार्यदिशा उत्पादन वृद्धि तथा उद्यमशीलताको विकासमा सहयोग पुऱ्याउने नवीन प्रविधिहरुको विकास, अनुसन्धानलाई औद्योगिक उत्पादनसँग जोड्ने, विज्ञान शिक्षण आधुनिकीकरण, विज्ञान, गणित, इञ्जिनियरिङ विधामा उच्च अध्ययन गरेका जनशक्तिको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्न सहयोग गर्नु, भौतिकशास्त्र, रसायनशास्त्र र जीवशास्त्र वा फिजियोलोजी विधामा उत्कृष्ट स्तरको अनुसन्धान हुने वातावरण तयार गर्नु नास्टको लक्ष्य रहेको छ । त्यस्तै विज्ञान प्रविधिको राष्ट्रिय सूचना प्रणाली विकास गर्न युवा वैज्ञानिकहरुलाई अनुसन्धान तथा नवप्रवर्तनको पर्याप्त अवसर प्रदान गर्नु, परम्परागत प्रविधिको प्रवर्द्धन, प्रादेशिक अनुसन्धान केन्द्रहरूको प्रभावकारी सञ्चालन, बाञ्छित भौतिक संरचनाको निर्माणतर्फ लक्षित रहेको छ ।

ती योजनाअन्तर्गतका कार्यक्रमलाई कृषि र खाद्य उत्पादन, स्वास्थ्य, विज्ञान शिक्षा, ऊर्जा, वन पैदावार, जलस्रोत, भौतिक पूर्वाधार, सूचना प्रविधि, औद्योगिक उत्पादन, वातावरण, जलवायु परिवर्तन एवं प्राकृतिक प्रकोपका क्षेत्रहरुमा सञ्चालन गर्ने धारणा रहेको छ । अन्तरिक्ष प्रविधि र उच्च धरातलीय अनुसन्धान तथा भूकम्प पूर्वसूचना प्रणालीको स्थापनालाई पनि महत्व दिइएको छ । उत्कृष्टस्तरको अनुसन्धानको लागि सबल र उत्कृष्ट प्रयोगशालाको निर्माण तथा उत्कृष्ट अन्तरराष्ट्रिय प्रयोगशाला एवं वैज्ञानिकहरुसँग सहकार्य गर्ने, प्रविधि नवप्रवर्तन प्रसार र स्थानान्तरणको लागि प्राविधिक भवनको निर्माण, प्रदेशहरुको विशेषताअनुरुप त्यहाँ स्थापित अनुसन्धान केन्द्रहरुको सुदृढीकरण र क्षमता विकास, वैज्ञानिकहरुको क्षमता विकास गर्ने योजना रहेको छ । यी सबै कार्यमा तीनै तहका सरकार, वैज्ञानिक समुदाय र आम नागरिकको सहयोग, सहकार्य र सद्भावको खाँचो पर्दछ ।

*(नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का उपकुलपति-प्रा डा दिलीप सुब्बासँग राससका कृष्ण अधिकारीले गरेको कुराकानीको सम्पादित अंश)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | कार्यक्षेत्रमा प्रतिस्पर्धीहरू हार खानेछन् । स्वास्थ्यमा खानपिनको ध्यान राख्नुहोस् । वित्तीय वा सहकारी संस्थाबाट लाभ प्राप्त गर्न सकिएला । |
| वृष | सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ । नसोचेको कार्य सम्पादन हुनाले नयाँ कार्य तर्फ अग्रसर भइनेछ । विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ । |
| मिथुन | व्यापार व्यवसायमा आफन्तहरूको सहयोग नमिल्ला । बुद्धिको उपयोगले प्रतिष्ठित कार्य सम्पादन गर्न सकिनेछ । श्रमको उचित मूल्यांकन नमिल्ला । |
| कर्कट | कार्यक्षेत्रमा सकारात्मक सोचले अगाडि बढ्नु सफलता मिल्नेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त गर्न सकिला । भौतिक संसाधन जुटाउन सकिनेछ । |
| सिंह | कार्यक्षेमा मिठो बोलीले कार्य सिद्ध गर्न सकिएला । चासो लाग्ने कुरामा मन जानेछ । इष्टमित्रहरूबाट साथ सहयोग मिल्ला । |
| कन्या | मानसम्मानमा वृद्धि हुनेछ विद्यार्थीहरूलाई अध्ययन अध्यापनमा नयाँ कुरा सिक्ने अवसर मिल्नेछ । राजकीय मामिलाहरू सुल्झिनेछन् । |
| तुला | आज हजुर ऊर्जावान रहनुहुनेछ । धार्मिक मठ मन्दिरमा यात्राका योग छन् । उद्योग व्यापारमा नयाँ कीर्तिमान स्थापित गर्न सक्नुहुनेछ । |
| वृश्चिक | कार्यक्षेत्रमा गरेको योगदानको राम्रो प्रतिफल मिल्नेछ । मनमा उब्जेको कौतुहलबाट छुटकारा मिल्नेछ । यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं । |
| धनु | कार्यक्षेत्रमा अनुभवको लाभ मिल्नेछ । प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ । निजी कार्यमा दौडधुप धेरै गर्नुपर्ला । नोकरी वा पेशामा उपलब्धिले थप उत्साह जगाउनेछ । |
| मकर | धर्मकर्ममा आस्था बढ्नेछ । विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ । दूरसञ्चार र राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ । |
| कुम्भ | कार्यक्षेत्रमा अपुर्ण कार्य पूरा गर्नमा सहकर्मीहरूको साथ मिल्नेछ । चिताएको काममा सफलताको लागि संघर्ष गर्नुपर्ने हुन्छ । |
| मीन | कानुनी मामिलाहरूमा पक्ष मजबुत रहनेछ । आयका नयाँ स्रोतहरू बन्नेछन् । धर्म कर्ममा आस्था बढ्नेछ । नँया कार्यको जग बसाउन सकिनेछ । |

# बिस्कुट उद्योगको छानामा गुन्द्रुकको 'बिस्कुन'

**नारायण न्यौपाने/रासस**
**काठमाडौँ, २ चैत ।**

भक्तपुर निकोशेरास्थित इम्पेरियल फुड्स प्रालिको छानामा अहिले गुन्द्रुकको बिस्कुन सुकाइएको छ। केही समयअघिसम्म त्यस उद्योग वरपरका बस्तीमा घ्यूसहित बनाउँदै गरेको कुकिजको बास्ना चल्ने गरेकामा अहिले गुन्द्रुक मगमगाउन थालेको छ। त्यस उद्योगले खाजाका रुपमा कोदोसहितका विभिन्न परिकारका 'अर्गानिक' बिस्कुट पनि उत्पादन गर्दै आएको छ।



पछिल्लो समय उद्योगको छानाभरि रायोका साग र मुलाको सिन्की सुकाइएको पाइन्छ। साग र गुन्द्रुक ओल्टाइपल्टाइ गर्न चार पाँच जना महिला निरन्तर लागि परेको देखिन्छ। उद्योगका सञ्चालक पशुपति भुसाल भन्नुहुन्छ, "विदेशमा रहेका साथीभाइले हाम्रा पुराना चिजवस्तु 'च्याख्ला, कोदो, मकै, गुन्द्रुक, तिलको छोप, टिमुर, अकबरे खुर्सानी, मास दालसहितका गैँडागुडी पठाइदेऊ' भन्ने माग भएपछि छानालाई गुद्रुकमय बनाएको हुँ।" पुरानो पेसाबाट बाहिरिएको नभई समयअनुरुप पेसा-व्यवसायलाई विविधीकरण गर्ने क्रममा नेपाली गुन्द्रुकको बजारीकरणमा लागेको उनको भनाइ छ।

अहिले रुचाइएको खानपिनले मानिस पुनः पुरानै युगमा प्रवेश गरेको हो की भन्ने भान भएको छ। विगतमा बाआमा र हजुरबाले खाएको कोदो, गुन्द्रुक, जौ र फापरको पीठोको माग अहिले विदेशमा पनि ह्वात्तै बढेको छ। नेपालीको बसोबास बाहुल्य भएका मुलुकमा गुन्द्रुकको माग अधिक छ। गुन्द्रुकको झोल र अचारलाई नेपाली भान्सामा लोकप्रिय परिकारका रुपमा लिने गरिन्छ। पछिल्लो समय चौरासी बेञ्जन थालीमा पनि गुन्द्रुक अनिवार्य मानिएको छ। छिटो झट्पट् तरकारी बनाउन पऱ्यो भने गुन्द्रुक नै खोजिन्छ।

गन्द्रुकका बारेमा विद्यावारिधी गर्नुभएका टीकाबहादुर कार्की मुख्यतः गुन्द्रुक नेपालकै स्थानीय उत्पादन भएको बताउनुहुन्छ। यद्यपि, जापान र चीनमा विभिन्न साग तथा युरोपलगायतका मुलुकमा बन्दागोभीमा नुन राखेर नेपाली गुन्द्रुकसँग मिल्दोजुल्दा खाद्यवस्तु उत्पादन हुँदै आएको छ।

जिब्रोलाई ट्वाक्क छुने अमिलो र स्वादिलो 'तिउन' गुन्द्रुक नै हो। नेपाली भान्सामा जाडो होस् वा गर्मी सदाबहार उमालिने तिउन गुन्द्रुक नै हो। नेपालका गाउँबस्तीदेखि सहरका सुपरमार्केटसम्मका पसलमा प्याकिङमा गुन्द्रुक बिक्री हुने गरेको छ। जाडो वा गर्मी, ढिँडो होस् वा भात गुन्द्रुकको झोलसँग 'सऱ्याप्प' मुछेर खाँदाको फूर्ती र आनन्द बेग्लै हुन्छ। स्वादको त बयान नै गर्न सकिन्न।

"नेपाली गुन्द्रुकमा पाइने अमिलोपन स्वादका हिसाबले अनुपम छ, त्यसकारण पनि गुन्द्रुकको लोकप्रियता बढ्दो छ", खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका पूर्वमहानिर्देशक कार्की भने। यस वर्ष काठमाडौँ उपत्यकामा रायो साग निकै सस्तो भयो। त्यसो त भक्तपुर आफैँमा मुलुकभर रायो र काउलीलगायत हरिया सागपात प्रशस्त उत्पादन हुने जिल्लाका रुपमा कहलिएको छ। प्रतिकिलो रु १५ सम्म रायको राम्रो पनि पाइयो।

उद्योगका संस्थापक भुसालले भने, "महँगोमा उद्योगले केजीको रु ८० सम्ममा खरिद गरेको थियो। खासगरी रायो, तोरी, सर्स्यूं, काउली, मुला आदिको गुन्द्रुक बनाइन्छ। सागको भाउ नेपाली बजारमा खासै चर्को छैन, सस्तै पाइन्छ। त्यस उद्योगले एक पटकमा एक हजार किलोसम्म साग खरिद गर्दै आएको छ। किसानलाई पनि एकै ठाउँमा आफ्नो उत्पादन दिँदा नै सहज भयो। स्थानीयस्तरबाटै पर्याप्त उपलब्ध भइरहेको छ।"

गुन्द्रुक बनाउन कम्तीमा पनि १५ देखि २० दिनको प्रक्रिया पूरा गर्नुपर्छ। साग किन्ने, केलाउने, धोइपखाली गर्ने, सीधा घाममा सुकाउने, थिच्ने र फेरि सुकाउने, तौल गर्ने, प्याकिङ गर्ने र माग आएबमोजिम बजारसम्म पुऱ्याउने काम उद्योगले गर्दै आएको छ। देख्दा सामान्य लागे पनि सबै चरण पूरा गर्ने विषय जटिल नै छ। बाहिर पठाउँदा अझ सचेत हुनुपर्छ।

उद्योग सञ्चालक भुसाल सरसफाइमा विशेष ध्यान पुऱ्याइएको बताउनुहुन्छ। "यहाँ उत्पादन गरिएको गुन्द्रुकमा शुद्धता र गुणस्तर कायम छ", उनले भने। नेपालका सबै जिल्ला र गाउँबस्तीमा गुन्द्रुक बनाइन्छ, पकाइन्छ र मीठो मानेर खाइन्छ।

गुन्द्रुक सहजरुपमा विदेश निर्यात गर्न सञ्चालक भुसालले सरकारका संयन्त्रसँग कुराकानी गरिरहनुभएको छ। गुन्द्रुक तयार गर्ने प्रक्रिया केही लामो भएको र त्यसमा खटाउन पर्ने जनशक्तिका कारण लागत मूल्य बढी नै हुने गरेको छ। त्यस उद्योगले दालजन्य गैँडागुडीका अतिरिक्त रायोको गुन्द्रुक र मुलाको सिन्की तयार गर्दै आएको छ।

प्रारम्भमा एक सय किलो रायोको सागबाट सुरु गरेकामा दैनिक एक हजार पाँच सय किलोसम्म साग खरिद गर्न सफल भएको छ। एक सय किलो रायो सागबाट करिब १० किलो गुन्द्रुक तयार हुने सञ्चालक भुसालको भनाइ छ। तोरीको गुन्द्रुकको विदेशमा ठूलो माग छ। तर काठमाडौँ उपत्यकाले त्यो माग धान्न सक्ने अवस्था छैन। सरकारले त्यसका लागि तराई-मधेसका कुनै क्षेत्र विशेषलाई 'पकेट' क्षेत्र घोषणा गर्न आवश्यक देखिएको उनको भनाई छ।

उद्योगले आफ्ना उत्पादनको विविधीकरण गर्ने उद्देश्यले सुरु गरेको गुन्द्रुकका लागि अहिले सूर्यविनायक, सानोठिमी र बोडे इलाकाबाट साग सङ्कलन भइरहेको छ। गुन्द्रुकका लागि छिप्पिएको र ठूला पात भएको साग राम्रो मानिन्छ। रायोका साग पनि विभिन्न प्रकारको पाइन्छ। मीठो गुन्द्रुक बनाउने र गुणस्तर कायम गर्ने सवालमा पाका पुराना पुस्ता स्वयम् विषय विज्ञकारुपमा रहेका छन्- उद्योगी भुसाल भने। उद्योगले उनै पुराना पुस्ताका कामदारलाई प्रशिक्षक बनाएर गुन्द्रुक र सिन्की तयार गरिरहेको छ।

थकाली भान्सामा गुन्द्रुक अनिवार्य नै मानिन्छ। आलु-गुन्द्रुक, गुन्द्रुक-भट्टमास, तितौरा, गुन्द्रुक बोडी, आँपको चानासँग पनि गुन्द्रुक मिसाएर पकाइन्छ। गुन्द्रुकमा पनि हरियो सागमा पाउने गुण छ। विश्वका कयौँ मुलुकले खाद्य परीक्षण गरी गुन्द्रुकलाई खानयोग्य भनेर प्रमाणित गरिसकेको छ। विदेशी साथीभाइले गुन्द्रुकलगायतका यहाँका रुचाइएको छ। गुणस्तरका लागि धन्यवाद नै पाइएको छ उद्यागी भुसालले भने।

कलिलो र छिप्पिएको साग र निर्धारण गरिएको प्रक्रिया पूरा गरेका आधारमा गुणस्तर हुने गर्छ। भाटभटेनी, मार्ट र अन्य स्टोरमा नमूनाका लागि पठाइसकिएको उहाँको भनाइ छ। गुन्द्रुक प्रतिकिलो सात सयदेखि एक हजार पर्छ। "यसमा काम गर्ने सपनादेखि रहेको छु। त्यो पूरा हुनेमा उत्साहित नै छु। गुन्द्रुकसँग सबै चिजवस्तुमा उत्पादनको लोगो लगाएर गाडीभरि बजारमा पठाउने कोसिसमा छु। त्यसका लागि रातदिन खटिरहेको छु", व्यवसायी शान्ता अधिकारी बताए।

कोरोना अघि ऋण लिएर लगानी गरियो, त्योअनुरुपको प्रतिफल त भएन। व्यापार सबै क्षेत्रमा घटेको छ। ब्याज घटेको छैन। त्यसमै रहँदा ऋणबाट उम्कन नसक्ने अवस्था भएपछि गुन्द्रुक र आँटोपीठोतिर लागेको उहाँको अनुभव छ। व्यापार गर्ने सन्दर्भमा स्वदेशै प्राथमिकता दिए पनि मालसामान बजारमा पठाएपछि पैसा उठिहाल्छ भन्ने सुनिश्चित छैन। बाहिर पठाउँदा पैसा 'एड्भान्स'मा आउने भएपछि त्यसलाई मध्यनजर गरी अघि बढिरहेको अधिकारीको भनाइ छ।

उद्योगले प्रतिदिन करिब एक सय ५० किलोसम्म गुन्द्रुक निकालिरहेको छ। जाडोयाममा प्रशस्तै साग प्राप्त भए पनि अरु मौसममा त्यसको व्यवस्थापन कसरी मिलाउने भन्ने प्रश्न छ। कसैलाई हेपेर गाली गर्नुपऱ्यो भने 'यो गुन्द्रुकले केही गर्न सकेन' भन्दा यसको महत्त्व नबुझेको हो कि भन्ने भान पर्न सक्छ। हुन त नेपाली समाजमा 'जात फाल्नु गुन्द्रुकको झोलमा' भन्ने अर्गानिक उखान नै छ।

पत्रकार घनश्याम खड्काले गुन्द्रुकसम्बन्धी लेखमा 'आजको सितन केही भएन भनेर गाउँमा गुन्द्रुक माग्दा कसैले लज्जाबोध गर्नुपर्दैन। कसैले खिसी पनि गर्दैनन्' भनी उल्लेख गर्नुभएको छ। अहिले गाँउको त्यो गुन्द्रुक सहरका तारे होटल पसेको छ। त्यति मात्र नभई 'बोइङ' चढेर कार्टुनका-कार्टुन विदेशिसकेको छ। मौसममा मनग्य पाइने सागलाई गुन्द्रुकका रुपमा प्रयोग भएमा ग्रामीण अर्थतन्त्रलाई चलायमान तुल्याउन र उकास्न ठूलो टेवा दिएको छ।

गुन्द्रुकमा पोटासियम, भिटामिन सी, आइरन, सोडियम धेरै पाइने र रेसादार भएकाले कोलेस्ट्रोललाई घटाउन योगदान पुऱ्याउने विश्वास गरिएको छ। त्यसो त सरस्वती घरेलु तितौरा उद्योग गोकर्णेश्वर, भाटभटेनी फुड्स उद्योग, पहाडी फुड्स प्रालि रुपन्देही, एन्जल कृषि फार्म दक्षिणकालीबाट उत्पादित गुन्द्रुक भाटभटेनीलगायत ठूला मार्टहरुमा उपलब्ध हुँदै आएको छ।

खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागका वरिष्ठ अनुसन्धान अधिकृत हुमाकुमारी बखिम भने, "गुन्द्रुक तयार गर्दा सरसफाइ र सुकाउने विषयमा अली बढी ध्यान पुऱ्याउन पर्छ।" गुन्द्रुक गुन्द्री, नाङ्लो, माद्रो र त्रिपालमा सुकाउने गरिन्छ। त्यसरी खुल्ला सुकाउँदा कपाललगायत वस्तु पर्नसक्ने हुँदा जालीदार कपडाले छोप्नु बुद्धिमानी हुनेछ।

घरघरमै विभिन्न प्रक्रिया अपनाएर बनाइने भएकाले गुणस्तरमा एकरुपता नभए तापनि स्वच्छता र सरसफाइको हिसाबले एकरुपता हुनुपर्छ। गुन्द्रुकमा लाभदायक मानिने जीवाणु, मिनिरल र फाइबरको स्रोत मानिने भएकाले स्वास्थ्य र पौष्टिकताका हिसाबले पनि राम्रो मानिएको छ। अरु उन्नत जातका तुलनामा हाम्रा रैथाने रायोको गुन्द्रुक स्वादिलो र गुणस्तरीय मानिन्छ।

इलामको रोङ गाउँपालिकाले आफैँ उद्योग सञ्चालनको अनुमति लिएर सञ्चालन गर्दै आएको छ। पुराना बन्द भएका चिया उद्योगलाई गुन्द्रुक उत्पादन गर्नका लागि पुनःस्थापना गरिएको छ। चिसो याममा गुन्द्रुकको तिउन बढी खाइन्छ भने गर्मीमा अचार बढी रुचाइन्छ। आलु, प्याज, गोलभेँडा, भटमास मिसाएको गुन्द्रुकको स्वाद त बयान गरिसाध्य नै हुन्न। विभागका अनुसार, पछिल्लो समय गुन्द्रुक बाहिर निकासी गर्ने क्रममा जाँच परीक्षणका लागि आउने क्रम बाक्लिएको छ। तर यहाँ सामान्य परीक्षण जलाम्स् अर्थात् पानीको मात्रा कति छ भनेर परीक्षण गरिन्छ। अमिलो भएकाले हानिकारक जीवाणु कमै रहन्छ। नेपाली परम्परागत खाद्यवस्तुको आफ्नै खाले पौष्टिक तत्व र महत्व छ। प्रत्येकले घरमा बनाइँदै खाएको हो। उपलब्धताको पहुँच र बनाउन सजिलो भएकाले पनि रोजाइमा परेको हो। सहरीकरण बढ्दै गएको, बसाइँसराइँ तीव्र हुँदा कार्य व्यवस्थाले सहरीयाले बनाउन नभ्याउँदा यसको बजार विस्तार बढ्दै गएको छ।

विदेशमा रहेका नेपालीले आफ्नो गाउँ र देशको परम्पराको परिचय र जीब्रोको स्वाद रहेको गुन्द्रुकप्रतिको चाहना बढेको छ। यातायातलगायत सुविधा र विकासको एउटा पाटोकारुपमा यो सहर भित्रिएन पाएको छ।

## 'सत्ता सञ्चालकका कमजोरी व्यवस्थासँग नजोडौ'



**युग संवाददाता**
**सुर्खेत, २ चैत ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सत्ता सञ्चालकका कमजोरीलाई लिएर गणतान्त्रिक व्यवस्थामाथि दोष थुपार्ने काम नगर्न आग्रह गरेका छन। राष्ट्रिय स्वास्थ्यकर्मी महासंघको कर्णाली प्रदेशस्तरिय दोश्रो अधिवेशनलाई सम्वोधन गर्दै मुख्यमन्त्री कँडेलले व्यक्तिको कमजोरीलाई व्यवस्थामाथि थुपार्दा गणतन्त्रमाथि प्रश्न चिन्ह गर्नेले मौका पाएको बताए।

मुख्यमन्त्री कँडेलले सत्ता संचालनमा देखिएको कमजोरीलाई लिएर व्यवस्थामाथि प्रहार भइरहेको बताए। उनले भने, 'सत्ता सञ्चालकका केही कमजोरी होलान, नागरिकका अपेक्षित अपेक्षा पनि पुरा भएनन् होला, ती सुधारेर जान सकिन्छ तर सत्ताको कमजोरीलाई व्यवस्थासँग तुलना गर्नु जायज होइन।' मुख्यमन्त्री कँडेलले गणतन्त्रमाथिको प्रहार सत्ता सञ्चालकमाथि मात्रै प्रहारको रुपमा नबुझ्न पनि आग्रह गरे। अहिले व्यवस्थामाथिको प्रहारले सत्ता सञ्चालकमाथि मात्रै देखिए पनि त्यसले नागरिक अधिकारमाथि नै धावा बोलेको उनको भनाई थियो।

जनताको लामो संघर्षपछि प्राप्त लोकतान्त्रिक व्यवस्थाको विकल्प अझ उन्नत खालको लोकतन्त्र भएको बताउँदै मुख्यमन्त्री कँडेलले फेरि रैति शासन व्यवस्था ल्याउछु भन्ने मुर्खता त्याग्न आग्रह गरे। उनले भने, 'जनताले लामो संघर्ष गरेर ल्याएको योभन्दा अर्को उन्नत व्यवस्था छैन।कमजोरीहरु सच्चाउँ तर व्यवस्थमाथिको प्रहार बन्द गरौं।'

## एमयूको स्ववियु निर्वाचन चैत १८ मा हुने

**युग संवाददाता**
**सुर्खेत, २ चैत ।**

मध्यपश्चिम विश्वविद्यालयमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन चैत १८ गते हुने भएको छ। जसका लागि विश्वविद्यालयले सह-प्राध्यापक दिपेन्द्रबहादुर थापाको संयोजकत्वमा निर्वाचन समिति गठन गरेको छ। उक्त समितिले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार ७ चैतबाट निर्वाचन प्रक्रिया सुरु भएर १८ गते मतदान हुनेछ।

यस अघि पटक-पटक उच्च अदालतमा रिट दायर भएपछि स्ववियु निर्वाचन स्थगित भएको थियो। ८ भदौ २०७३ मा भएको पहिलो स्ववियु निर्वाचनबाट निर्वाचित पदाधिकारीको अवधि २०७६ मा सकिएपछि एमयूको स्ववियु नेतृत्वविहीन छ।

त्यसको तीन वर्षपछि ५ चैत २०७९ मा तय भएको निर्वाचन तालिकामा विद्यार्थीले आफूहरू मतदानमा सहभागी हुन पाउनुपर्ने मागसहित अदालतमा रिट दायर गरेपछि निर्वाचन प्रक्रिया स्थगित भएको थियो।

त्यसपछि पुनः २८ भदौ २०८१ मा तय भएको निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम नामावलीमा आफ्नो नाम समावेश नभएको भन्दै २६ भदौमा बायोलोजी समूह पाँचौँ समेस्टरका विद्यार्थी अदालत पुगेपछि निर्वाचन स्थगित भएको थियो।

विश्वविद्यालयअन्तर्गतका आंगिक क्याम्पसमा २०७९ चैतमै निर्वाचन सम्पन्न भइसकेको छ। एमयूको केन्द्रीय क्याम्पसमा विगत लामो समयदेखि स्ववियु नेतृत्वविहिन बनेपछि उच्च अदालत सुर्खेतले गत माघमा २० चैत २०८१ भित्र निर्वाचन सम्पन्न गराउँन विश्वद्यिालयलाई आदेश दिएको थियो।

## कांग्रेसमा किन भइरहन्छ क्रियाशील सदस्यता विवाद ?

**युग संवाददाता**
**काठमाण्डौं, २ चैत ।**

नेपाली कांग्रेस अहिले क्रियाशील सदस्यता नवीकरणमा व्यस्त छ। कांग्रेसमा सदस्यता नवीकरणमा पनि गुटगत समस्या देखिएको छ। कांग्रेसमा संगठनबाट नेता बन्ने आधार नै क्रियाशील सदस्यता हो। कांग्रेसको संरचनाअनुसार वडा कार्यसमितिदेखि केन्द्रीय कार्यसमितिसम्म चुनाव लड्न क्रियाशील सदस्यता प्राप्त गरेको हुनुपर्छ। मतपरिणामको जोडघटाउमा समेत निर्णायक बन्ने भएकाले क्रियाशील सदस्यता वितरणमा राजनीतिभित्र तीव्र राजनीति हुन्छ।




पार्टीको अनुशासन समितिले पार्टीका विभिन्न इकाइले कारबाही सिफारिस भएकाहरूबारे निर्णय नगर्दा नवीकरण के गर्ने भन्ने अन्योल देखिएको छ। गत चुनाव र उपचुनावमा बागी उठेका र उनीहरूको प्रस्तावक, समर्थक बसेका तथा सहयोग गरेकाहरू विरुद्ध परेको उजुरी अनुशासन समितिले फछ्र्यौट नगरिदिँदा क्रियाशील सदस्यता नवीकरण प्रभावित भएको हो।

कांग्रेसले महामन्त्री गगन थापाको संयोजकत्वमा केन्द्रीय सदस्यहरू सीता गुरुङ, योगेन्द्र चौधरी र प्रकाश रसाइली सदस्य रहेको क्रियाशील सदस्यता व्यवस्थापन समिति बनाएर काम गरिरहेको छ। समितिको तर्फबाट संयोजक थापाले ३ माघमा ७७ वटै जिल्ला समितिका सभापतिलाई परिपत्र गरी पार्टी केन्द्रीय समितिको १९ पुसमा बसेको निर्णयअनुसार २९ चैतमा शुक्रबार दिउँसो ३ बजेसम्म क्रियाशील सदस्यता नवीकरण गरी सम्पूर्ण कागजात केन्द्रीय कार्यालयमा पठाइसक्न निर्देशन दिएका थिए। क्रियाशील सदस्यता नवीकरणका सन्दर्भमा अन्य विषयको तालिकासमेत तोकिएको छ।

नवीकरणको काम समयमा भएको छ कि छैन र नभएको भए के कारणले भएको छैन भन्ने बुझ्न क्रियाशील सदस्यता व्यवस्थापन समिति आफ्ना सदस्यहरूले प्रदेश तोकेर अनुगमनका लागि खटिएका छन्। मधेश र लुम्बिनी प्रदेशमा स्नेही, बागमती र गण्डकी गुरुङ र कोशी, कर्णाली र सुदूरपश्चिममा चौधरीलाई जिम्मेवारी दिइएको थियो।

स्नेहीका अनुसार एउटा निर्वाचन क्षेत्र भएका चार ठाउँ, दुईवटा निर्वाचन क्षेत्र भएका पाँच ठाउँमा कारबाहीको सिफारिस भएको छ। कारबाही सिफारिसको कारणले क्रियाशील सदस्यता नवीकरण गर्दा नयाँ वितरणमा पनि समस्या देखिएको छ। व्यक्तिगत इगो, प्रतिशोध, प्रतिस्पर्धा र गुटगत प्रतिस्पर्धाका कारण नवीकरणमा समस्या देखिएको छ।

अनुशासन समितिले निर्णय गरिदिएमा सहज हुने स्नेही बताउँछन्। केन्द्रबाट अनुगमनमा गएकाहरूलाई कारबाहीको सिफारिसमा परेकाहरूले सोध्ने गरेका छन्, 'हाम्रो कारबाही सिफारिस के हुन्छ ?'

'कारबाहीका लागि सिफारिस भएका साथीहरूको पनि हाम्रो कारबाहीको कुरा के हो ? फिर्ता दिने हो कि नदिने हो भन्ने भनाइ छ, प्रमाण छैन, प्रतिशोध साँधेर कारबाहीको सिफारिस गरियो भनिरहेका छन्। उजुरी परेकाहरूमध्येमा कतिपयका भिडियो प्रमाण पनि छन्। त्यसका कुनकुन तहको कारबाही गर्ने भनेर अनुशासन समिति वा उच्चस्तरमा सहमति भएमा काम गर्न सजिलो हुने थियो,' स्नेहीले शिलापत्रसँग भने।

व्यक्तिगत इगोले नवीकरण प्रक्रिया रोकिदिने, पाउनुपर्नेले नपाईकन प्रयास मात्र भइरहने पुरानै रोग रहेको अर्का सदस्य योगेन्द्र चौधरी बताउँछन्। 'कुनैकुनै वडामा चुनाव पनि जितिएको छ। हजारौँ भोट आएको छ। तर, क्रियाशील २०-२५ जना रहेको अवस्था पनि छ। नयाँ क्रियाशील सदस्यता वितरण गर्ने बेलामा पनि समस्या उत्पन्न हुन सक्छ। त्यस्तो ठाउँमा गाँठो कसरी फुकाउने भन्ने समस्या छ,' चौधरीले शिलापत्रसँग भने।

क्रियाशील सदस्यता वितरण अभियान सार्न खोज्नेहरूमा पनि समस्या देखिएको छ। 'बसाइँ सरिसकेपछि प्रक्रिया मिलाएका छन्, कतिपय यहाँबाट केही गर्न सकिँदैन भनेर लाभ लिन क्रियाशील सदस्यता सार्ने गरेको अवस्थामा विवाद आउने गरेको छ', चौधरी भन्छन्। विभिन्न पार्टीबाट प्रवेश गरेर क्रियाशील सदस्यता लिनेको संख्या माग गर्दा समस्या आएको उनी बताउँछन्।

'राजनीतिक तहमा एउटा सहमति हुने

बाँकी ४ पेजमा

## यस्तो छ....

सबै स्थानीय तहमा महिला वडाध्यक्ष निर्वाचित भएका छैनन्। जुम्लाका आठ पालिकामा महिला पुरुषबराबरी प्रतिनिधित्व भएको छ। नौ स्थानीय तह रहेको कालिकोटमा दुवै पदमा पुरुषको रजाइँ छ।

दैलेखका ११ स्थानीय तह मध्य भैरवी गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष दुवै पदमा महिला निर्वाचित भएका छन्। दैलेखमा एक अध्यक्षसहित ११ पदमा महिला निर्वाचित भएका छन्। सल्यानका १० पालिकामा पाँच जना महिला उपप्रमुख र उपाध्यक्ष निर्वाचित भएका छन्। अन्य सबै मुख्य पदमा पुरुष नै निर्वाचित भएका छन्। डोल्पाका आठ स्थानीय तहमा पाँच महिला उपप्रमुख र उपाध्यक्षमा निर्वाचित भएका छन्। मुगुका चार स्थानीय तहमा मध्ये तीन पालिकामा महिला उपप्रमुख र उपाध्यक्ष छन्। सात स्थानीय तह रहेको हुम्लामा तीन जना मात्रै महिला पदाधिकारीमा विजयी भएका छन्। जाजरकोटका सात स्थानीय तहमा चार जना महिला उपप्रमुख र उपाध्यक्ष निर्वाचित भएका छन्। यस्तै, रुकुम पश्चिमका ६ पालिकामा उपाध्यक्ष र उपमेयरमा पाँच महिला सहभागी छन्।

## ७९ पालिकामा....

टिकट दिइने गरेको विष्टको दावी छ। 'स्थानीय तहको जनप्रतिनिधि हुन महिलालाई निकै समस्या रहको बताउँदै उनले भनिन्, 'केही गरि टिकट पाइहाले पनि उसको चरित्रमाथि शंका गर्ने, पार्टीका विभिन्न नेताहरुसँग नाम जोडेर टिकाटिप्पणी गरिदिने, घर परिवारबाट सहयोग नहुने लगायतका चुनौतीहरु महिलाले खेप्नु परेको अवस्था छ।'

भुगोलका कारण अविवाहित महिलालाई राजनीतिमा लाग्न झनै कठिन रहेको उनले बताइन। महिला उम्मेदवारलाई सार्वजनिक रुपमा प्रतिस्पर्धी उम्मेदवारले चरित्रका बारेमा अनावश्यक टिप्पणी गर्ने परिपाटीका कारण मतदातासम्म जान अफ्ठयारो हुने गरेको उनको भनाई छ। राजनीतिमा लागेका त्यसमा पनि तल्ला तहका राजनीतिज्ञ महिलाहरुलाई सञ्चार माध्ययमले महत्व नदिइदा उनीहरु माथि उठ्न नसकेको विष्टले बताइन। 'राजनीतिक दलहरुमा टिकट दिनेतहमा रहेका व्यक्तिले महत्व नदिने। पार्टीभित्र अनिवार्य सहभागिताका लागि पैरवी गर्न महिलाले खासै आट गरेको देखिदैन,' उनले भनिन्।

स्थानीय तहमा महिलालाई सहभागिता देखाउँनमै सीमित गरिदा वडा सदस्य जितेकाले माथिल्लो पदमा चासो नदिने स्थिती बनेको उनको भनाई थियो। विद्यमान निर्वाचन प्रणालीमा अनिवार्य महिला हुने व्यवस्था नभए आगामी चुनावमा महिला उम्मेदवार कम हुँदै जाने जोखिम बढेको विष्टले बताइन। २०७४ को तुलनामा २०७९ को निर्वाचनमा स्थानीय तहमा महिलाको सहभागिता बढेको भएपनि सन्तोषजनक नभएको विष्टको धारणा थियो।

संघ, प्रदेश र स्थानीय तहमा महिला सहभागीता बढेको भए पनि संविधानले गरेको व्यवस्थाअनुसार महिलाको सहभागिता उल्लेख्य हुन नसकेको नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष निर्मला शर्माले बताइन। महिला सहभागिता बढाउन आरक्षण प्रणालीको व्यवस्था गरिएको उल्लेख गर्दै शर्माले महिलाको क्षमता हेर्ने पुरुषवादी चिन्तनले व्यवस्थाप्रति नै प्रश्न उठेको बताइन। हिजो श्रीमान्सँगै चितामा जानुपर्ने अवस्थाबाट मुक्त भएर महिलाहरु देशको शासनसत्ता चलाउनेतहसम्म पुग्नु सकारात्मक भएको उनको भनाई थियो। नेतृत्वमा पुगेका महिलाहरुलाई जवाफदेही बनाउनेतर्फ ध्यान दिनुपर्ने शर्माको धारणा थियो।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# उपभोक्ताको अधिकार सुनिश्चित गर्न माग

**युग संवाददाता**
**दैलेख, २ चैत ।**

उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्न प्रविधिमैत्री अनुगमनमा जोड दिनुपर्ने सरोकारवाला निकायले बताएका छन् । विश्वउपभोक्ता अधिकार दिवस २०२५ को अवसरमा आयोजित विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्न अधिकांश बक्ताले प्रविधिमैत्री अनुगमन गर्न आवश्यक रहेको बताएका हुन् ।

कार्यक्रममा बोल्दै निमित्त प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद कोइरालाले नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका सम्झौता, बनेका नीतिनियम बने पनि त्यसको कार्यान्वयन गर्न कठिनाइ भएको बताए ।

उनले उपभोक्ताको अधिकारलाई ध्यानमा राखी जिल्ला प्रशासन कार्यालयको अगुवाइमा बजार अनुगमन गर्ने गरिए पनि बजार अनुगमन गर्ने प्रविधि नभएका कारण अनुगमन प्रभावकारी हुन नसकेको बताए । उनले बजार अनुगमन गर्न जाँदा त्यससम्बन्धि आवश्यक उपकरण नहुँदा उपभोक्ताको अधिकार उलङ्घन गर्नेलाई कारबाही गर्न नसकिएको बताए ।

उनले भने, "हामी कानुनी रूपमा बलिया भए पनि त्यसको निरीक्षण गर्ने उपकरण नभएका कारण प्रभावकारी अनुगमन हुन सकेन । उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष नरेन्द्र थापाले उद्योग वाणिज्य सङ्घमा आबद्ध भएका व्यावसायीलाई उपभोक्ताको अधिकारको ख्याल गरी व्यपार व्य साय गर्न व्यसायीलाई आग्रह गरिएको बताए ।

उहाँले उद्योग वाणिज्य संघमा आबद्ध सबै उद्योगी व्यावसायीलाई आफूहरूले पटक पटक सचेतना गरिएको बताए । उनले भने, "हामी व्यावसायी पनि उपभोक्ता हौँ, हामीले हाम्रो अधिकारीका विषयमा बेला-बेलामा अनुगमन गर्ने गरेका छौँ ।" गैर सरकारी संस्था महासङ्घ दैलेख डिलकुमारी चन्दले उपभोक्ताको अधिकारका लागि उपभोक्ता नै जाग्नुपर्ने बताए । अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न निकायले उपभोक्तालाई प्रथामिकता दिएर इमानदार भएर व्यवसाय गनुपर्ने उनले बताए ।

उपभोक्ता अधिकार मञ्चका अध्यक्ष अम्मर सुनारले उपभोक्ता आफै जागरुक नभएसम्म अधिकार स्थापित हुन नसक्ने बताए । उनले अधिकारका लागि उपभोक्ता जागरुक हुने र बदमासी भएकालाई कानुनी काठघरमा उभ्याइएको अवस्थामा मात्र त्यसले सार्थकता पाउने बताए । उनले बजार अनुगमनका नाममा जिल्ला प्रशासन कार्यालयको अगुवाइमा बजार अनुगमन गर्ने गरिए पनि त्यसले प्रभावकारी काम गर्न नसकेको बताए ।

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखका कार्यक्रम अधिकृत पर्शुराम आचार्यले बजार अनुगमन गर्ने गरिएको भए पनि आफूसँग गुणस्तर परीक्षण प्रविधि नहुँदा अनुगमन प्रभावकारी हुन नसकेको बताए । उनले उपभोक्ता संरक्षण ऐन २०७५ ले वस्तु वा सेवाको सहज पुहँच, स्वच्छ प्रतिष्पर्धात्मक मुल्यमा गुणस्तरीय वस्तुको बिक्री गर्नुपर्ने प्रावधान भए पनि कार्यान्वयनमा समस्या भएको बताए ।

## बाँकेका...

प्रहरी राख्न नमिल्ने व्यवस्था छ । बालबालिका राखिएकाले त्यहाँ खटिँदा हतियार पनि बोक्न नपाइने प्रावधान छ । त्यसैको फाइदा उठाएर देशभरका सुधार गृहभित्र अराजक गतिविधि हुने गरेको सुरक्षा सम्बद्ध अधिकृतहरू बताउँछन् ।

शुक्रबार राति अचानक आपसमा कुटाकुट भएपछि त्यहाँ रहेका १२ जना प्रहरीले पनि भागेर ज्यान जोगाएका थिए । झडप के कारणले सुरू भएको थियो भन्ने समेत जानकारी नभएको प्रमुख जिल्ला अधिकारी जोशीले बताए । विवाद र झैझगडाका लागि उनीहरूलाई खास कुनै कारण नै चाहिँदैन, कर्तव्य ज्यान, जबरजस्ती करणी, लागूऔषध कारोबार लगायतको मुद्दामा सजाय भोगिरहेका उनीहरूका बीचमा सामान्य विषयमा झैझगडा र विवाद भइरहने उनले बताए ।

## कांग्रेसमा...

तर धरातलीय अवस्था फरक रहने भएकाले १४औँ अधिवेशनमा समस्या देखिएको थियो । म पार्टीमा आउँछु, मेरो स्ट्रेन्थ यति हो, यति संख्यामा क्रियाशील चाहियो भन्ने छन् । त्यसका आधारमा कति सदस्य दाबी गर्ने हो, तथ्यांक केन्द्रमा आइसकेको छैन,' चौधरीले भने । पुराना कार्यकर्ताले क्रियाशील नपाउने र नयाँ प्रवेशीको कोटामा अर्को पक्षका पुराना कार्यकर्ताले खेलिदिनाले अन्याय हुने अवस्था रहने उनले बताए ।

'धेरै निर्वाचनको सिलिङ बनाइदियो । वडादेखि केन्द्रसम्म निर्वाचन प्रणालीमा प्रभाव पार्ने भनेको क्रियाशील सदस्यबाट निर्वाचित भएकाहरूबाट हो । हामी बढी प्रजातान्त्रिक भयौँ कि । प्रजातान्त्रिक हुने तर प्रजातान्त्रिक व्यवहार नहुँदाको समस्या हामीकहाँ आयो,' चौधरीले भने, 'धेरै छलछाम तिकडम तलबाट हुन थाल्यो । यसको विकल्पका बारेमा पार्टीले सोच्नुपर्ने र छलफल गर्नुपर्ने बेला आएको छ ।' पारदर्शी रूपमा क्रियाशील सदस्यता वितरण र नवीकरण नभएकाले संगठनमा प्रभाव परेको उनले बताए ।

कतिपय जिल्लाहरूले ताकेता गरेको समयमा तोकिएको काम नसकेको अवस्था छ । समयमा काम नसकिए अन्तिमपटक ताकेता गर्ने र काम नभए केन्द्रबाट अर्को विकल्प अपनाउने चौधरी बताउँछन् । '२४ चैतसम्ममा सक्न भनेका छौँ । सकेका जिल्लाले सक्छन्, नसकेका जिल्लामा अर्को निर्णय गर्नुपर्ने हुन्छ । कुनै क्षेत्र, पालिकाको छुटेमा हाम्रो गल्तीले छुट्ने छैन । छुटेमा केन्द्रबाट हामी समावेश गर्छौं,' उनले भने ।

अनुशासन समिति संयोजकमा आनन्दप्रसाद ढुंगाना छन् भने सदस्यहरूमा केन्द्रीय सदस्यहरू ईश्वरी न्यौपाने, ध्रुव वाग्ले, सञ्जयकुमार गौतम र राजीव कोइराला सदस्य छन् । समितिले पनि शीर्ष नेताहरूको मुख ताक्नुपर्ने अवस्था छ । 'काभ्रेमा उजुरीबारे अनुशासन समितिबाट अन्तिम किनारा नलागेसम्म कायमै क्रियाशील सदस्यता कायमै राख्नू भनेर केन्द्रबाट परिपत्र गएको छ । देशभर त्यस्तै परिपत्र नभएसम्म क्रियाशील सदस्यको विवाद समाधान गर्न सम्भव छैन,' अनुशासन समिति सदस्य गौतमले भने । कांग्रेसमा टोल, वडा, गाउँपालिका, प्रदेशसभा, प्रतिनिधिसभा, जिल्ला, प्रदेशहुँदै केन्द्रीय समितिमा सदस्यताको विवरण आइपुग्छ । १४औँ महाधिवेशनका बेला कांग्रेसमा ८ लाख ८२ हजार ८ सय १६ जना क्रियाशील सदस्य कायम गरिएको थियो । १५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यता नवीकरण थालेको कांग्रेसमा १२औँ महाधिवेशन (२०६७) देखिको विवाद सुल्झिएको छैन । १३औँ र १४औँ महाधिवेशन त भयो तर ती विवाद समाधान नगरी । १४औँ महाधिवेशनको समयमा पनि अर्कोपटक समाधान गर्ने गरी विवाद थाती राखेरै महाविधेशन गरिएको थियो ।

यसपटकदेखि कांग्रेसले क्रियाशील सदस्यता बर्सेनि नवीकरण गर्नुपर्ने कामको सुरुवात गरेको छ । क्रियाशील सदस्यता वितरण खुकुलो बनाउने नीति पनि केन्द्रीय समितिको बैठकबाट पारित भएको छ । कसैलाई कांग्रेस हुनैबाट वञ्चित गराउने गरी क्रियाशील सदस्यतामा कडाइ गर्न नहुने नीति पार्टीले लिएको छ ।

क्रियाशील सदस्यताको विषयमा रुपन्देहीको प्रशिक्षण कार्यक्रममा महामन्त्री गगन थापाले गुट हेरेर संख्या बढाउन नहुने बताएका थिए । 'संख्या थप्ने नाममा क्रियाशील सदस्यता नथपौँ । स्वतःस्फूर्त रूपमा क्रियाशील सदस्यता लिन आउनुहुन्छ, उहाँहरूलाई यसै वर्षको चैतभित्र क्रियाशील सदस्यता वितरणको काम सकौँ,' थापाको भनाइ थियो । संख्या बढाउनेभन्दा गुणस्तर बढाउन ध्यान दिनुपर्ने थापाको भनाइ थियो ।

'समाजले के भन्छ भनेर सदस्यता बढाउने मात्र होइन, क्वालिटीवाला क्रियाशील सदस्यको नवीकरण र वितरणमा लागौँ । अहिले एक/दुई लाख घट्यो भन्दैमा आत्तिनु पर्दैन । नयाँ क्रियाशील सदस्यता थप भइहाल्छ । अधिवेशनकेन्द्रित र समूह बलियो बनाउने नाममा जोड नगरौँ । नेचुरल क्रियाशील सदस्यता भर्नेतर्फ लागौँ,' प्रशिक्षणमा थापाले भनेका थिए ।

नेता चौधरीले भनेझैँ महामन्त्री थापा पनि तहतहबाट केन्द्रीय सभापति चुनिने हुँदा अन्तर्घात बढेको बताउँछन् । 'जम्मा एक दिन बुथमा आऔँ । देशभरका क्रियाशील कार्यकर्ताले भोट हालेर सभापति बनाऔँ । किन चाहियो तहतह ?,' उनले भने ।

## घुयँत्रो



राप्रपाले राजा आउ भनेर डाक्दै गर्दा कतै राजा आएर हाम्ले १७ बर्षदेखि काटदै आ' को मस्तिमा भाँजो हाल्दिन्छन कि भनेर कमिनिष्टहरु एक भएर लडने रे ! त्यो लडाइँ हेर्न राजधानीको टुँडिखेलाँ सबै जम्मा हुनु है भनेर प्रचण्ड कमरेड सबैलाई निम्ता बाँडदै हिन्नुभा'छ । कतै राप्रपाले राजाल्याई हाल्छकि भनेर डरले कायल भा' का नेतारु राप्रपा र ज्ञानेन्द्रका बिरुद्ध समाजवादिका नाममा चैत १५ गते राजा ल्याउन खोज्नेहरुलाई धरधरि सराप्ने भनेर सबैलाई बोलाउँदै र निम्ता गर्दै त हिँड्याछन तर जनता भने यी भष्टाचारीहरुले बोलाठाँ किन जाने भनेर जाँदै गै देनन भने यिनरको भागाभाग हुन बेर छैन । जनता भष्टाचारीहरुको खेलसित आजित भै राबेलाँ चैत १५ गते भाषण सुन्न गै देनन भने यिनरका पाटि अफिसाँ खैलाबैलात पक्कै हुन्छ । तर रुवाबासि नगर्नु नेताजीहरु ऐले जनता सडकाँ गा' को राजा ल्याउन र राप्रपालाई आफ्नो बनाउन हैन कि तिमी भष्टाचारीहरुले आजसम्म जनताको पक्षाँ कुनै काम नगरेर देश र जनतालाई रुवाउने जुन काम गर्याछौ त्यसकै रिस फेर्न जनता सडकाँ गा' हुन साँच्चिकै राजा र पञ्चहरुका लागि गा' हैनन । यति कुरा बुझि राखकि अब तिमरको भष्टाचारी खेल सिध्याउन जनता कम्मर कसेर लाग्याछन । देशा' ट कि भष्टाचार सदाका लागि हट्छ र जनताले गणतन्त्रका नामाम मौलाएको भष्टाचार र बेथितिलाई नष्ट गर्छन कि तिमिहरुकै तानाशाहि निरंकुशता र साम्यवाद अनि झोले र लोग्ने स्वास्निवादले अरु केही बर्षका लागि जरो गाडने किसिमको वारपारको लडाइँ यो पटक पक्कै हुन्छ । जनतालाई राजा ल्याउन लाए भन्ने दोषदिएर तिमीहरु आफू पानिमाथिको ओभानो बन्ने जुन खेलछ तिमरको त्यो खेल पक्कै तिमरको पक्षमा जाने छैन । राजनीतिक र संसदिय बृतमा कमिनिष्टहरु वीच सदनमा खसिको मासु झुड्याएर बाख्रीको मासु बेच्छन भन्ने जुन वकालत र बहस चल्छ त्यै खालको बहस ऐले तिमिहरु र तिम्रा चम्चाहरु गणतन्त्रको हड्डि जनतातिर तेर्स्याएर जुन बहस भष्टाचार र बेथिति लुकाउन गरिरहेकाछौ त्यो बहसमा कुनै तुक छैन । गणतन्त्रका नाममा भष्टाचार गरिरहन पाईने अनि जनताले गणतन्त्रका नाममा सरकारले जस्तासुकै अन्याय गर्छ त्यसलाई सहँदै जाने हुन्छ र ? जनता नत तिमीहरुका पक्षमाछन नत करिव २ दशकदेखि अघि मसानघाटमा दाह संस्कार गरि सकेको राजाको पक्षमा छन । यो आक्रोस भनेको सिर्फ रिङाई घुमाई तत्तत नेताहरुले प्रधानमन्त्री बन्ने र आफ्ना आशेपासेलाई मात्र पोष्ने जुन प्रवृति विकास भा' छ त्यसको विरुध्दमा हो । त्यसैले ईटका जवाफ पत्थर से भन्ने कुरालाई बिर्सिएर अगाडिका दिनमा कसरी अगाडि बढने जनताको रायलिएर अघि बढम् नत प्रतिकृयावादि मौलाउँछन न राजा उदाउँछन । चेतना भया !



















**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।